CORONAVIRUS UTAH.GOV

COVID-19 प्रसारण सूचकाङ्क समुदायको सुरक्षा गर्ने उद्‌देश्य सहितको एक सन्तुलित विधि हो । यस मोडेलको लक्ष्य भनेको प्रत्येक काउन्टीका नागरिकहरूलाई उनीहरूको काउन्टीको प्रसारण सूचकाङ्क स्तर कम गर्न र सम्भव भएसम्म धेरै काउन्टीहरू कम स्तरमा रहन एकसाथ काम गर्नु हो ।

काउन्टीको प्रसारण सूचकाङ्क स्तरमा परिवर्तनहरू हरेक बिहीवार गरिने घोषणा सहित सात-दिने चक्रमा हुनेछ । उच्च, मध्यम वा निम्न तहको लागि कम्तीमा दुईवटा मापदण्ड पूरा गर्ने काउन्टीहरूलाई त्यो स्तरमा लगिनेछ । साप्ताहिक अवधिमा निम्न प्रसारण स्तरबाट उच्च प्रसारण स्तरसम्म परिवर्तन हुन सक्छ । सीमाहरू हासिल भएपछि, न्यूनतम प्रत्येक 14 दिनमा उच्च प्रसारण स्तरबाट निम्न प्रसारण स्तरमा परिवर्तन हुन सक्छ ।

यस मोडेलमा प्रसारण स्तरहरू मुख्य रूपले निम्नलिखित मेट्रिक्समा आधारित हुनेछन् ।

- पोजेटिभ दर
- केसको गणना
- आईसीयू उपयोग

| COVID-19 प्रसारण सचकाङ्क | उच्च | मध्यम | निम्न |
|---|---|---|---|
| प्रति काउन्टी 7 दिने औसत % पोजिटिभिटी | ≥13% | 6-12.9% | ≤5.9% |
| अघिल्लो 14 दिनमा 14 केस भन्दा फ्रन्टियर काउन्टीका (प्रति वर्ग माइल छजना भन्दा थोरै व्यक्तिको साथ) कम वा बराबर स्वचालित रूपमा "कम" प्रसारणको रूपमा नामित हुनेछ। अघिल्लो 14 दिनमा 14 भन्दा बढी केसहरूको साथ फ्रन्टियर काउन्टीका मानक प्रसारण सूचकांक मापदण्डको उपयोग गरि तिनीहरूको प्रसारण स्तर निर्धारित गरिनेछ। | ≥325/100k | 324-101/100k | ≤100/100k |
| प्रान्तव्यापी आईसीयू उपयोग (7 दिनको औसत) | कुल उपयोग ≥72%<br>र<br>≥15% COVID-19 आईसीयू उपयोग | कूल उपयोग 69-71.9%<br>र<br>6-14.9% COVID-19 आईसीयू उपयोग | कूल उपयोग ≤68.9%<br>र<br>≤5.9% COVID-19 आईसीयू उपयोग |

| सबै व्यक्ति र व्यवसायहरूले गर्नुपर्ने कार्यहरू | उच्च | मध्यम | निम्न |
|---|---|---|---|
| सुरक्षित रूपले भेला गर्नु<br><br>परिवार मिलेर साँझको खाना, साथीहरूसँगको भेटघाट, बुक क्लब (औपचारिक धार्मिक सेवा वा संगठनात्मक निरीक्षण | 10 जना वा सो भन्दा कम मानिसको सामाजिक जमघटहरूलाई अनुमति छ । | 10/29 सम्म: 10 जना वा सो भन्दा कम मानिसको सामाजिक जमघटहरूलाई अनुमति छ ।<br>10/29 पछि: 25 जना वा सो भन्दा कम मानिसको सामाजिक | 50 जना वा सो भन्दा कम मानिसको सामाजिक जमघटहरूलाई अनुमति छ । यदि प्रत्येक व्यक्तिले फेस मास्क लगाएका छन भने 50 |

| | | | |
|---|---|---|---|
| लगायतका कार्यक्रमहरू बाहेक) जस्ता सामान्य सामाजिक जमघटहरू | | जमघटहरूलाई अनुमति छ । यदि प्रत्येक व्यक्तिले फेस मास्क लगाएका छन् भने 25 जनाभन्दा बढी मानिस भेला हुन | सक्छन् । |
| भौतिक दूरी कायम राख्न सम्भव नहुँदा सार्वजनिक बन्द वातावरण र बाहिरी वातावरणमा मास्क लगाउने; यसमा कर्मचारी र संरक्षकहरू दुवै पर्दछन् मध्यम वा कम प्रसारण क्षेत्रहरूमा व्यवसायले मास्क अनिवार्य गराउनुपर्ने हुन सक्छ | अनिवार्य | 10/29 सम्म: जनस्वास्थ्यद्वारा निर्देशित<br>10/29 पछि: जनस्वास्थ्यबाट कडा रूपमा सुझाव गरिएको; मास्क अनिवार्य गराउने-नगराउने निर्णय स्थानीय स्वास्थ्य अधिकारीसँग परामर्श गरेर काउन्टीका अधिकारीहरूको | जनस्वास्थ्यबाट कडा रूपमा सुझाव गरिएको; मास्क अनिवार्य गराउने-नगराउने निर्णय स्थानीय स्वास्थ्य अधिकारीसँग परामर्श गरेर काउन्टीका अधिकारीहरूको विवेकमा गरिनुपर्ने |
| सम्भव भएसम्म घरेलु समूह बीच भौतिक दूरी कायम राख्नुपर्ने, सामाजिक जमघटहरूमा समेत | कडा रूपले सुझाव गरिएको | कडा रूपले सुझाव गरिएको | कडा रूपले सुझाव गरिएको |
| स्वच्छता अभ्यासहरू अपनाउनुहोस् | कडा रूपले सुझाव गरिएको | कडा रूपले सुझाव गरिएको | कडा रूपले सुझाव गरिएको |
| बिरामी हुँदा घरमा बस्नुहोस् | अनिवार्य | अनिवार्य | अनिवार्य |
| जनस्वास्थ्य क्वारेन्टाइन/आइसोलेसन मार्गनिर्देशनको पालना गर्नुहोस् | अनिवार्य | अनिवार्य | अनिवार्य |
| **व्यवसाय** | | | |
| सबै व्यवसायहरूले | • व्यावसायिक म्यानुअल अध्ययन गर्नुहोस्<br>• मास्क लगाएको अवस्थामा बाहेक, घरेलु समूहहरू बीच 6 फिटको दूरी अनिवार्य<br>• लक्षणहरू भएका कर्मचारी र ग्राहकहरूलाई घरमा बस्न आग्रह गर्दै र भौतिक दूरीलाई प्रोत्साहित गर्दै COVID-19 लक्षणहरू देखाउने सूचकहरू पोष्ट गर्नुहोस्<br>• सम्भव भए वैकल्पिक पिकअप विकल्पहरू प्रदान गर्नुहोस् (जस्तै कर्बसाइड पिकअप, डेलिभरी, टेकआउट)<br>• भेन्टिलेसन प्रणालीहरू ठीकसँग चले-नचलेको सुनिश्चित गर्नुहोस्<br>• 6 फिटको दूरी कायम राख्न कठिन हुँदा नगद रेजिस्टर र ग्राहक सेवा काउन्टरहरूमा सम्भव हुने अवस्थामा कर्मचारी र ग्राहकहरू बीच प्लेक्सिग्लास बारहरूको व्यवस्था गर्ने<br>• शौचालयहरू दिनको कम्तीमा दुई पटक सफा र कीटाणुरहित गराउनुहोस्<br>• कर्मचारीहरू बिरामी भएमा वा यदि उनीहरू उच्च जोखिमयुक्त व्यक्तिहरू भएको खण्डमा | | |

| | | | |
|---|---|---|---|
| | घरबाट काम गर्ने सुविधा दिनुहोस्<br>• खुला रहन सुरक्षित रहनुहोस् प्रतिज्ञा (वा COVID-19 को फैलावट रोक्न स्वास्थ्य र सुरक्षा उपायहरू बढाउने समान किसिमका उद्योग-स्वीकृत प्रतिज्ञा) लाई कडाइका साथ प्रोत्साहित गरिन्छ\|<br>• सार्वजनिक जमघट र कार्यक्रमका लागि अपवाद लागू हुन सक्नेछन् | | |
| रेस्टुरेन्टहरूमा भौतिक दूरी (बफे लगायत) | पक्षहरू बीच जहिले पनि 6 फिट दूरी (प्रतीक्षालय र बस्दा लगायत) | प्रतीक्षालयमा बस्नु पर्दा पक्षहरू बीच 6 फिट दूरी कडाइका साथ सुझाव गरिन्छ | पक्षहरू बीच 6 फिट दूरी कायम गर्न एकदमै प्रोत्साहित गरिन्छ |
| बारहरू | पक्षहरू बीच जहिले पनि 6 फिट दूरी (प्रतीक्षालय र बस्दा लगायत) | पक्षहरू बीच 6 फिट दूरी कायम गर्न कडाइका साथ सुझाव गरिन्छ; क्षमताको 75% अक्युपेन्सी सीमित गर्नुहोस्; अन्य पक्षहरूसँग अन्तर्क्रिया गर्दा संरक्षकहरूले मास्क लगाउनुपर्छ | पक्षहरू बीच 6 फिट दूरी कायम गर्न एकदमै प्रोत्साहित गरिन्छ |
| प्रत्यक्ष कार्यक्रम, फिल्म हल, खेलकुद कार्यक्रम, विवाह, मन बहलाउने र मनोरञ्जनस्थल जस्ता सार्वजनिक जमघटलाई अनुमति दिने कुनै पनि स्थान | - मास्कहरू अनिवार्य; कलाकार/खेलाडीहरूलाई प्रदर्शन गर्दा छूट दिइन्छ<br>- कार्यक्रम व्यवस्थापन टेम्प्लेट पूरा गर्नुपर्ने हुन्छ<br>- हरेक व्यवसायले उक्त क्षेत्रको प्रकोपका आधारमा उनीहरूका कार्यसञ्चालनमा परिमार्जन गर्ने अपेक्षा गरिन्छ; UDOH को सहायतामा, संशोधनको गम्भीरता सम्बन्धमा स्थानीय स्वास्थ्य विभागको विवेकका आधारमा निर्णय गरिनेछ | | |
| | - घरेलु समूह बीच 6 फिटको भौतिक दूरी<br>- स्थानीय स्वास्थ्य अधिकारीसँग परामर्श गरेर काउन्टी अधिकारीहरू मार्फत घरेलु समूहहरू बीच 6 फिटको भौतिक दूरीमा अपवादको लागि अनुरोध गर्न सकिनेछ। अपवादहरू प्रत्येक 14 दिनमा समीक्षा गर्न सकिनेछ। यस स्तरमा प्रसारणको उच्च जोखिमले गर्दा, अपवादहरू | - घरेलु समूह बीच 6 फिटको भौतिक दूरी<br>- स्थानीय स्वास्थ्य अधिकारीसँग परामर्श गरेर काउन्टी अधिकारीहरू मार्फत घरेलु समूहहरू बीच 6 फिटको भौतिक दूरीमा अपवादको लागि अनुरोध गर्न सकिनेछ। अपवादहरू प्रत्येक 14 दिनमा समीक्षा गर्न सकिनेछ। अपवादहरूलाई हतोत्साहित गरिन्छ, तर उच्च जोखिममा | - घरेलु समूहहरू बीच 6 फिटको भौतिक दूरी कडाइका साथ प्रोत्साहित गरिन्छ, घरेलु समूह बीच भौतिक दूरी बिना छेउछाउमा बस्न अनुमति दिइन्छ। |
| स्कूलहरू | स्कूल म्यानुअल र युटाह स्टेट बोर्ड अफ एजुकेशनको स्कूल पुन: खोल्ने योजना पुस्तिका अध्ययन गर्नुहोस्<br>K-12 ले मास्क लगाउनुपर्ने नियम अझै लागू छ | | |
| उच्च शिक्षा | USHE/हरेक विश्वविद्यालय/कलेज पुनः खोल्ने योजनाहरू अध्ययन गर्नुहोस् | | |